सूचनाको हक सम्बन्धी ऐन २०६४ का दफा ५(३), सूचनाको हक सम्बन्धी नियमावलीको नियम ३ अनुसार

प्रेषित सूचनाहरुका विवरण २०७७ माघ देखि २०७७ चैतसम्म




नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

## वनस्पति विभाग

**थापाथली, काठमाडौं**

विषय सूची


१. वनस्पति विभागको स्वरुप र प्रकृति ........ १

२. विभागको काम, कर्तव्य र अधिकार ........ १

३. निकायमा रहने कर्मचारी संख्या ........ २

४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र) ........ ४

५. निर्णय गर्ने प्रक्रिया र अधिकारी ........ ५

६. निर्णय उपर उजुरी सुन्ने अधिकारी ........ ५

७. प्रमुखको नाम र पद ........ ५

८. सूचना अधिकारीको नाम र पद ........ ५

९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची ........ ५

१०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण ........ ६

११. अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण ........ ६

१२. विभागको Website ........ ६

१३. विभागले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता ........ ७

१४. विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण ........ ७

१५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण ........ ९

१६. सूचना प्रकाशन ........ १०

१७. संगठन संरचना ........ ११

## १. वनस्पति विभागको स्वरुप र प्रकृति

वि.स. १९९४ सालमा वनस्पति स्रोतको ज गेर्ना र प्रयोग गर्ने हेतुले वनस्पति फाँट र वनस्पति गोश्वाराको स्थापना भए पश्चात वनस्पति सम्पदाको सर्वेक्षण, पहिचान, प्रविधि विकास, संरक्षण एवं सम्बर्द्धन तथा दिगो विकास गर्ने प्रमुख उद्देश्यले वि.स.२०१६ सालमा स्थापना भएको वनस्पति विभागले विज्ञान प्रविधिको क्षेत्रमा अध्ययन, अनुसन्धान र विकासका विभिन्न चरणहरु पार गर्दै हालको अवस्थासम्म आइपुगेको छ।विगतको संगठन संरचना २०५५ मा सामान्य हेरफेर भई २०५७ सालदेखि पुनः सञ्चालनमा आएको थियो,। पहिले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रही आएकोमा हाल नेपालको संविधानले प्रत्याभूत गरेको संघीय संरचना अनुरुप यस विभागको संगठन संरचना परिमार्जन भई वन तथा वातावरण मन्त्रालय अन्तर्गत रही हाल सोही संरचना अन्तर्गत विभागका सम्पूर्ण तहका कर्मचारीहरु परिचालन गरी सफलतापूर्वक कार्य सञ्चालन हुदै आएको छ ।

नेपालमा पाइने वानस्पतिक स्रोतको विविधताको अन्वेषण , संकलन, पहिचान, नमूनाहरुको संरक्षण, अध्ययन, अनुसन्धान र तिनीहरुको स्वस्थानीय वा परस्थानीय संरक्षण र व्यवस्थापन गर्ने , तिनमा विद्यमान रासायनिक तत्वहरुको अध्ययन, अनुसन्धान, विश्लेषण, दिगो उपयोग, आयमूलक खेती प्रवर्द्धन गरी रोजगार सृजना गर्ने तथा औद्योगिकीकरणको लागि पराम र्श सेवा प्रदान गरी देशको आर्थिक विकासमा टेवा पुर्यालउनर सामाजिक अवस्था उकास्न मद्दत गर्ने यस विभाग को मुख्य उद्देश्य रहेको छ ।

वनस्पति विभागबाट सृजित संस्थाहरु

- वि.स. २०२९ सालमा शाही औषधी लिमिटेड हाल नेपाल औषधी लिमिटेड
- वि.सं. २०३७ सालमा औषधि व्यवस्था विभाग
- वि.सं. २०३८ सालमा जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी
- वि.सं. २०५० सालमा वनस्पति विभागको शाही औषधी अनुसन्धानशालालाई औषधी व्यवस्था विभागको एउटा कार्यालयका रुपमा खडा गरिएकोमा उक्त अनुसन्धानशाला हाल राष्ट्रिय औषधी प्रयोगशालाको रुपमा रहेको छ ।

वनस्पति विभाग वन तथा वातावरण मन्त्रालयको मातहतमा रहेको छ । यस विभागको प्रमुखमा महानिर्देशकको नेतृत्व रहेको छ। २ वटा महाशाखाहरु र सो अन्तर्गत अन्य शाखाहरु, ३ वटा केन्द्रिय कार्यालयहरु र ७ वटा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन् । प्रत्येक महाशाखाको प्रमुखको रुपमा सहसचिव (प्रा .) रहने व्यवस्था छ भने केन्द्रीय कार्यालयहरुमा उपसचिव (प्रा.) रहने व्यवस्था छ । यस विभागमा जम्मा ११६ जना कर्मचारीको दरवन्दी रहेको छ । यस विभाग अन्तर्गत ईलाम, धनुषा, मकवानपुर, सल्यान, बाकें, जुम्ला र कैलालीमा वनस्पति अनुसन्धान केन्द्रहरु रहेका छन ।

## २. विभागको काम, कर्तव्य र अधिकार

वैज्ञानिक अध्ययन तथा अनुसन्धानद्वारा वानस्पतिक स्रोतको पहिचान गरी प्रविधि विकासका माध्यमबाट तिनको स्वस्थानीय तथा परस्थानीय संरक्षण एवं व्यवस्थापन गर्ने र वनस्पति स्रोतको दिगो विकास गरी मुलुक को आर्थिक विकासमा टेवा पु र्याहउन प्रयासरत यस विभागले निम्न कार्य क्षेत्रहरुमा केन्द्रित रही विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आईरहेको छ ।

- हर्वेरियम नमुनाहरु पहिचान, हर्वेरियम व्यवस्थापन र फ्लोरा प्रकाशन गर्ने ।
- वनस्पति उद्यानहरुको वैज्ञानिक व्यवस्थापन गरी वंशा णुगत स्रोतको संरक्षण र विकास को लागि अध्ययन अनुसन्धानका साथै वनस्पति उद्यान सम्बन्धी विविध सेवा प्रदान गर्ने ।
- मुलुकमा उपलब्ध जैविक विविधताला ई जैविक एवं संरक्षण प्रविधिहरुको माध्यमबाट दिगो विकासका उद्देश्यहरु हासिल गर्ने ।
- शैक्षिक र संरक्षण उद्यानको व्यवस्थापन गर्ने ।
- विभिन्न वनस्पतिहरुमा रहेका उपयोगी रासायनिक तत्वहरुको अध्ययन अनुसन्धान तथा विश्लेषणात्मक कार्य गर्ने ।
- गैरकाष्ठ वन पैदावार लगायत विभिन्न वनस्पतिहरुमा निहित रसायनिक तत्वहरु र त्यसको सुक्ष्म जीव प्रतिरोधी गुणहरुको परीक्षण, प्रमाणिकरण र गुणस्तर निर्धारण गर्ने र सो सम्बन्धी सेवा प्रदान गर्ने ।
- देशमा विद्यमान जडीबुटी स्रोतको वर्तमान स्थिति पत्ता लगाउन स्थलगत सर्वेक्षण गरी गुणात्मक र परिमाणात्मक विश्लेषण गर्ने ।
- विभिन्न हावापानीमा पाईने उपयोगी जडीबुटीहरुको खेती प्रविधि विकास गर्न अनुसन्धानहरु गरी खेती प्रविधि विकास भएका

जडीबुटीहरुको प्रविधि हस्तान्तरण गर्दै जाने ।

- वनस्पति स्रोत सम्पदाका अध्ययन अनुसन्धानका लागि स्थापित केन्द्रीय एवं विभागका प्र योगशालाहरुको समयानुकुल व्यवस्थापन तथा विस्तार गर्दै लाने ।
- वनस्पति स्रोत सम्बन्धी विभिन्न विधाहरुमा प्रचार प्रसार, तालिम तथा विशेषज्ञ एवं परामर्श सेवा प्रदान गर्ने ।

## ३. निकायमा रहने कर्मचारी संख्या

| क्र.सं. | कर्मचारीको नाम थर | पद | सेवा | समूह | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| १. | श्री सन्जीव कुमार राई | महानिर्देशक | वन | वोटानी | रा.प.प्रथम | |
| २. | श्री मधुदेवी घिमिरे | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | जैविक विविधता तथा साइटिस शाखा |
| ३. | श्री मधु शुदन थापामगर | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | बायोटेक्नोलोजी शाखा |
| ४. | श्री संगिता स्वांर | योजना अधिकृत | वन | वोटानी | रा.प.द्वि | योजना तथा अनुगमन शाखा |
| ५. | श्री तारा दत्त भट्ट | वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.द्वि | इन्ष्ट्रुमेन्ट शाखा |
| ६. | श्री अंजनी कुमार अधिकारी | वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.द्वि | गुणस्तर निर्धारण शाखा |
| ७. | श्री शिशिर पन्थी | वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.द्वि | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| ८. | श्री सचिता जोशी | वैज्ञानिक अधिकृत | स्वास्थ्य | फार्मेसी | दशौं तह | बायोलोजिकल शाखा |
| ९. | श्री शशिकला गौली | शाखा अधिकृत | प्रशासन | सा.प्र. | रा.प.तृतीय | प्रशासन शाखा |
| १०. | श्री श्रीराम आचार्य | लेखा अधिकृत | प्रशासन | लेखा | रा.प.तृतीय | आर्थिक प्रशासन शाखा |
| ११. | श्री सीर्जना महर्जन | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोटेक्नोलोजी शाखा |
| १२. | श्री मो. सज्जाद आलम | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जडीबुटी सदुपयोग तथा पाइलट शाखा |
| १३. | श्री कृष्णराम भट्टराई | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| १४. | श्री जनुका पाठक | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोटेक्नोलोजी शाखा |
| १५. | श्री कल्पना शर्मा ढकाल | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | जैविक विविधता तथा साइटिस शाखा |
| १६. | श्री प्रमेश बहादुर लाखे | सहायक वैज्ञानिक अधिकृत | वन | वोटानी | रा.प.तृतीय | बायोलोजिकल शाखा |
| १७. | श्री मोनिका दाहाल | सहायक योजना अधिकृत | वन | वोटानी | रा.प.तृतीय | योजना तथा अनुगमन शाखा |
| १८. | श्री अमित ढुंगाना | सहायक वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.तृतीय | इन्ष्ट्रुमेन्ट शाखा |
| १९. | श्री निशान्त श्रेष्ठ | सहायक वैज्ञानिक अधिकृत | इन्जि | केमेष्ट्री | रा.प.तृतीय | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २०. | श्री प्रतिक्षा श्रेष्ठ | सुचना व्यवस्थापन अधिकृत | वन | वोटानी | रा.प.तृतीय | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |
| २१. | श्री कृष्णबाबु तिवारी | असिस्टेन्ट वोटानिष्टा | वन | वोटानी | रा.प.अनं.प्र | शहरी उद्यान विकास शाखा |
| २२. | श्री मञ्जु कुमारी शर्मा | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं.प्र | व्यवस्थापन तथा विकास महाशाखा |
| २३. | श्री प्रेम बहादुर हिरोजक | नायव सुब्बा | प्रशासन | सा.प्र. | रा.प.अनं.प्र | प्रशासन शाखा |
| २४. | श्री कल्पना सुवेदी | लेखापाल | प्रशासन | लेखा | रा.प.अनं.प्र | आर्थिक प्रशासन शाखा |
| २५. | श्री अनु श्रेष्ठ | असिष्टेन्ट वोटानिष्ट | वन | वोटानी | रा.प.अनं.प्रथम | योजना तथा अनुगमन शाखा |
| २६. | श्री डम्मर सिंह साउद | असिस्टेन्ट वोटानिष्ट् | वन | वोटानी | रा.प.अनं.प्र | जैविक विविधता तथा साइटिस शाखा |
| २७. | श्री कृष्णप्रसाद हुमागाई | असिष्टेनन्ट केमिष्टट | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | जिन्सी व्यवस्थापन शाखा |
| २८. | श्री चिन्तामणी बस्याल | असिष्टेवन्ट केमिष्टट | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | इन्ष्ट्रुमेन्ट शाखा |
| २९. | श्री गंगा रिजाल | असिस्टेन्ट वोटानिष्ट् | वन | वोटानी | रा.प.अनं.प्र | बायोटेक्नोलोजी शाखा |
| ३०. | श्री बल बहादुर विष्ट | असिष्टेनन्ट केमिष्टट | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | इन्ष्ट्रुमेन्ट शाखा |

| क्र.सं. | कर्मचारीको नाम थर | पद | सेवा | समूह | श्रेणी/तह | कार्यरत शाखा |
|---|---|---|---|---|---|---|
| ३१. | श्री रोमी महर्जन | असिष्टेमन्ट केमिष्टट | इन्जि | केमेष्ट्री | रा.प.अनं.प्र | गुणस्तर निर्धारण शाखा |
| ३२. | श्री सरिता यादव | असिस्टेन्ट वोटानिष्ट् | वन | वोटानी | रा.प.अनं.प्र | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा |
| ३३. | श्री ज्ञान भक्त महर्जन | टाईपिस्ट खरिदार. | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | अनुसन्धान तथा योजना महाशाखा |
| ३४. | श्री सुरेश भट्टराई | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | प्रशासन शाखा |
| ३५. | श्री आरती ढकाल | खरिदार | प्रशासन | सा.प्र. | रा.प.अनं.द्वि | शहरी उद्यान विकास शाखा |
| ३६. | श्री प्रदिप पौडैल | हेड फिल्ड असिष्टेपण्ट | वन | वोटानी | रा.प.अनं.द्वि | महानिर्देशकज्यूको सचिवालय |
| ३७. | श्री सुदर्शनराज पुडासैनी | फिल्ड असिस्टेन्ट | वन | वोटानी | रा.प.अनं.तृ | शहरी उद्यान विकास शाखा |
| ३८. | श्री राम बहादुर तामाङ | ल्याव व्वाय | इन्जि | केमेष्ट्री | रा.प.अनं.तृ | जडीबुटी सदुपयोग तथा पाइलट शाखा |
| ३९. | श्री पुष्कर प्रसाद ढकाल | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | प्रशासन शाखा |
| ४०. | श्री पदम बहादुर थापा | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | गुणस्तर निर्धारण शाखा |
| ४१. | श्री डिल्ली प्रसाद लम्साल | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | शहरी उद्यान विकास शाखा |
| ४२. | श्री विना महर्जन | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | अनुसन्धान तथा योजना महाशाखा |
| ४३. | श्री मान बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | शहरी उद्यान विकास शाखा |
| ४४. | श्री रुकुमणी वूढाथोकी | कार्यालय सहयोगी | प्रशासन | सा.प्र. | श्रेणी विहिन | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा |

## ४. निकायबाट प्रदान गरिने सेवा, सेवा प्रदान गर्ने शाखा र जिम्मेवार निकाय (नागरिक वडापत्र)

| क्र.सं. | सेवाका विवरण | आवश्यक प्रक्रिया | आवश्यक कागजातहरु | दस्तुर | समय | सम्पर्क राख्नुपर्ने शाखा/व्यक्ति | सेवा प्रदान गर्ने शाखा | उजुरी/गुनासो सुन्ने व्यक्ति र निजको फोन न. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | वनस्पति स्रोत सम्बन्धी सूचनामुलक सामाग्रीहरुका वितरण एवं सूचना प्रवाह | सम्बन्धित व्यक्ति संस्थाले शाखामा सम्पर्क राख्नुपर्ने | संस्थागत भए संस्थाको पत्र | नि:शुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा | उप महानिर्देशक ४२५११७१ | |
| २. | वनस्पति सम्बन्धी प्रकाशनको बिक्री वितरण | | | सामग्रीको मूल्य अनुसार | यथाशिघ्र | जिन्सी व्यवस्थापन शाखा प्रमुख | जिन्सी व्यवस्थापन शाखा | उप महानिर्देशक ४२५११७१ | |
| ३. | जडीबुटीजन्य स्रोत तथा विस्तार सम्बन्धी जानकारी | | | नि:शुल्क | यथाशिघ्र | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जडीबुटी प्रवर्द्धन तथा विकास शाखा | उप महानिर्देशक ४२५११६० | |
| ४. | जैविक विविधता, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनबाट संरक्षित बिरुवाका प्रजातिहरु, जलवायू परिवर्तन सम्बन्धी जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक ४२५११६० | |
| ५. | टिस्युकल्चर प्रविधिबाट उत्पादित बिरुवाहरु खेती परीक्षणका लागि वितरण | आवेदन वा सम्बन्धित संस्थाको पत्र | रितपूर्वकको निवेदन तथा नागरिकताको प्रमाणपत्र वा परिचय खुल्ने प्रमाणपत्र वा संस्थाको दर्ता नं. खुल्ने कागजात | नि:शुल्क | बिरुवा तयार भएपछि शाखा प्रमुखबाट सम्पर्क गरिने | | बायाटेक्नोलोजी शाखा | उप महानिर्देशक ४२५११६० | बिरुवा संख्या र रोप्ने ठाउँ खोल्नुपर्ने |
| ६. | वनस्पति स्रोत र सम्पदा सम्बन्धी नीति योजना तथा कार्यक्रमका बारेमा जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | योजना तथा अनुगमन शाखा | उप महानिर्देशक ४२५११६० | |
| ७. | विभाग र मातहत कार्यालयहरुको कार्यक्रमहरुको कार्य प्रगतिको जानकारी | | | नि:शुल्क | यथाशिघ्र | | योजना तथा अनुगमन शाखा | उप महानिर्देशक ४२५११६० | |
| ८. | विश्लेषण परीक्षण सेवा<br>FTIR<br>GC<br>MS<br>HPLC | | | ५००/-<br>१०००/-<br>१२००/- | प्रयोगशालामा नमूना प्राप्त भएको मिति देखि ७ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | इन्स्ट्रुमेन्ट शाखा | उप महानिर्देशक ४२५११७१ | |
| ९. | बाह्य स्रोतबाट माग भई आए अनुसार प्रशोधन सेवा उपलब्ध गराउन | | | प्रति मेशिनको प्रति घण्टा ५००/- | परिमाण हेरी ५ दिन देखि १ महिना सम्म | जडीबुटी सदुपयोग तथा पाइलट शाखा प्रमख/स.वै .अ. | जडिबुटी सदुपयोग तथा पाइलट शाखा | उप महानिर्देशक ४२५११७१ | |
| १०. | नेपाली बिरुवामा अनुसन्धान अनुमति<br>स्वदेशी/विदेशी (नेपालमा परीक्षण गर्ने)<br>स्वदेशी/विदेशी (विदेशमा परीक्षण गर्ने) | | वनस्पति विभागको "वनस्पति स्रोत अध्ययन अनुसन्धान कार्यविधि २०७०" को अनुसूची १ अनुसारको निवेदन तथा कागजपत्र | नि:शुल्क | १ सप्ताह | प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा प्रमुख/स.प्र.प्र.अ. | जैविक विविधता तथा साइटिस शाखा | उप महानिर्देशक ४२५११६० | मन्त्रालयको सहमति प्राप्त भएको ३ दिन भित्र |
| ११.१ | जडीबुटीका सूक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल) परीक्षण* | परीक्षण गर्नुपर्ने नमूना आवश्यक कागजातहरु सहित बुझाउने | - रितपूर्वकको निवेदन<br>- विद्यार्थीको हकमा आवद्ध संस्थाको सिफारिस पत्र<br>- परीक्षण फारम संलग्न गरेको हुनुपर्ने<br>- संस्थाको हकमा निवेदन साथ संस्थाको दर्ता नं. एवं PAN/VAT नं. खुलेको प्रमाण पत्र संलग्न अथवा संस्थाको दर्ता नं. तथा PAN/VAT दर्ता नं. खुलेको लेटरप्याडमा निवेदन दिनुपर्ने | २,६००/- | नमूना प्राप्त भएको मिति देखि १२ कार्य दिन भित्र | व्यवस्थापन तथा विकास महाशाखा | वायालोजिकल शाखा | उप महानिर्देशक ४२५११७१ | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ३ ग्राम |
| ११.२ | जडीबुटीका सुक्ष्मजीव विरोधी क्षमता (एन्टिमाइक्रोवियल परीक्षण ) Minimum Inhibitory Concentration / Minimum Bactericidal Concentration सहित | | | ३,०००/- | नमूना प्राप्त भएको मिति देखि २० कार्य दिन भित्र | | | | सारतत्व परिक्षण गर्नुपर्ने भएमा नमूना न्यूनतम ५ ग्राम |
| ११.३ | व्याक्टेरियाका टि.ए.भि.सि. (Total aerobic viable count of Bacteria) | | | ८००/- | नमूना प्राप्त भएको मिति देखि २५ कार्य दिन भित्र | | | | परिक्षण गर्नुपर्ने नमूनाको न्यूनतम १०० ग्रामको ३ वटा छुट्टाछुट्टै सिलबन्दी बट्टा/प्याकेट |
| ११.४ | ढुसी र यिस्टका टि.भि.सि. (Total viable count of Yeasts & Moulds) | | | ८००/- | | | | | |
| ११.५ | इस्चिरिचिया कोली परीक्षण (*Escherichia coli* test) | | | ७००/- | | | | | |
| ११.६ | इन्टेरोव्याक्टेरियसी परीक्षण (Enterobacteriaceae test) | | | ५००/- | | | | | |
| ११.७ | साल्मोनेल्ला परीक्षण (*Salmonella* Test) | | | ९००/- | | | | | |
| १०. | सिजेल्ला परीक्षण (*Shigella* Test) | | | ९००/- | | | | | |
| ११.९ | क्लोस्ट्रिडियम परीक्षण (*Clostridium* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्यूडामोनास परीक्षण (*Pseudomonas* Test) | | | ७००/- | | | | | |
| ११.१ | स्टाफाइलोकोक्कस अउरियस (*Staphylococcus aureus* Test) | | | ८००/- | | | | | |
| १२. | राष्ट्रिय चाडपर्वहरुमा माग भई आए बमोजिम फूलका गमला आपूर्ति/सजावट गर्ने | आवेदन | सम्बन्धित निकायको पत्र | नि:शुल्क | पत्र प्राप्त भएपछि | शहरी उद्यान विकास शाखा प्रमुख | शहरी उद्यान विकास शाखा, सिंहदरवार | उप महानिर्देशक ४२५११७१ | फूल, माला, गुच्छा, गमला, फुलदानी उपलब्ध हुनुपर्ने दिनभन्दा २ दिन अगावै आवेदन दिनुपर्ने |
| | सरकारी निकायका विशिष्ट पाहुनाहरुको स्वागत सत्कारमा फूल, माला, गुच्छा, गमला, फुलदानी आपूर्ति गर्ने | | | | | | | | |

## ५. निर्णय गर्ने प्रक्रिया र अधिकारी

सम्बन्धित शाखाबाट टिप्पणी उठा ई सम्बन्धित महाशाखावाट सिफारीस गरी महानिर्देशकज्यूबाट स्वीकृत गराउने । प्रत्येक कामसँग सम्बन्धित सम्पूर्ण कागजात तथा विवरणहरु , सम्वन्धित शाखाका शाखा प्रमुखले तोकेको कर्मचारीको जिम्मामा रहनेछ र निजले ती अभिलेखहरु आफू कुनै कारणबाट शाखामा नरहने भए पन्जिका बनाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ । हरेक शाखाबाट उठान भएका निर्णय फाइल तथा तत् सम्बन्धी कागजातहरुको सू ची पंजिका बनाउन र व्यवस्थित गरी राख्ने जिम्मा तोकिएका फाँटवाला सहायक कर्मचारीको हुनेछ । निर्णय गर्ने तहबाट फाइल उपमहानिर्देशक हुँदै सम्वन्धित शाखामा पठाईन्छ । निर्णयका फाइल वा कागजात प्राप्त भएपछि शाखा प्रमुखले त्यसको जानकारी सरोकारवालालाई दिनुपर्नेछ । फाइल जिम्मा लिने कर्मचारी विदामा वसेमा वा अनुपस्थित रहेमा कसले जिम्मा लिने भन्ने कुरा शाखाका प्रमुखले लिखित रुपमा तोकिदिनुपर्नेछ । फाइल वा कागजातको जिम्मेवारी पाएका /लिएका कर्मचारी अन्यत्र सरुवा भै जानुपर्ने भएमा सरुवा भई आउने कर्मचारीलाई वा तोकिएको अन्य कर्मचारीलाई बरवुझारथ गर्नु पर्नेछ ।

## ६. निर्णय उपर उजुरी सुन्ने अधिकारी

सेवाग्राहीले उल्लेखित सेवा प्राप्त गर्न नसकेमा वा कुनै सुझाव भएमा महानिर्देशक वा उपमहानिर्देशक समक्ष लिखित वा मौखिक उजुरी गर्न सक्नेछन् । साथै विभागको उजुरी पेटिकामा लिखित उजुरी हाल्न सक्नेछन् ।

## ७. प्रमुखको नाम र पद

नाम - श्री सन्जीव कुमार राई
पद - महानिर्देशक
फोन नं - ०१-४२५११६१
ईमेल : sanjeev.rai@nepal.gov.np

## ८. सूचना अधिकारीको नाम र पद

नाम - श्री तारा दत्त भट्ट
पद - वैज्ञानिक अधिकृत
फोन नं - ०१-४२६८२४६
ईमेल : tdbhatt@gmail.com

## ९. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- जडीबुटी खेती प्रविधि कार्यविधि, २०७५
- जडीबुटी विकासका लागि अनुदान सम्बन्धि कार्यविधि, २०७५
- सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७४
- जडीबुटी एवं गैर काष्ठ वन पैदावार विकास नीति, २०६१
- वनस्पति स्रोत अनुसन्धान कार्यविधि, २०७० (पहिलो संशोधन २०७३)
- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७ (पहिलो संशोधन २०७६)
- सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९
- जैविक सुरक्षा निर्देशिका, २०६२
- स्वदेशी शोभनीय वनस्पति अध्ययन अनुसन्धान कार्यविधि, २०७५
- स्व-स्थानीय तथा पर-स्थानीय वनस्पति संरक्षण कार्यविधि, २०७५
- राष्ट्रिय वनस्पति पुरस्कार कार्यविधि, २०७७
- जडीबुटी प्रशोधन केन्द्रको स्थापना तथा संचालन कार्यविधि निर्देशिका, २०७६
- जडीबुटीको व्यवसायिक खेती विस्तार कार्यविधि निर्देशिका, २०७७
- जडीबुटीहरुको खेती सम्भाव्यता पकेट क्षेत्र छनौट

## १०. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

बजेट खर्च

| क्र. सं. | ब.उ.शि.नं. तथा कार्यक्रमहरु | विनियोजन रकम | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | ३२९०२०११३ वनस्पति विभाग | ८०,८७५,०००।०० | १०१०४८४३।३० | |
| २ | ३२९०२१०१३ जडीबूटी विकास कार्यक्रम | १९,०८२,०००।०० | २५९३००५।०० | |
| ३ | ३२९०२१०३३ वनस्पति अनूसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | १५,३०८,०००।०० | २९७४८६४।८० | |
| चालूतर्फको जम्मा | | ११५,२६५,०००।०० | १५६७२७१३।१० | |
| ४ | ३२९०२०११४ वनस्पति विभाग कार्यक्रम | २,९००,०००।०० | ०।०० | |
| ५ | ३२९०२१०१४ जडीबूटी विकास कार्यक्रम | ३८०,०००।०० | ५७२७४१६।०० | |
| ६ | ३२९०२१०३४ वनस्पति अनूसन्धान संरक्षण तथा उद्यान विकास कार्यक्रम | २२,९८५,०००।०० | ६४१८५६।०० | |
| पूँजिगततर्फको जम्मा | | २६,२६५,०००।०० | ६३६९२७२।०० | |
| | कूल जम्मा | १४१,५३०,०००।०० | २२०४१९८५।१० | |

## ११. अघिल्ला आ.व. मा विभागबाट सञ्चालित कार्यक्रमहरुको विवरण

आ.व. ०७६/०७७ को वार्षिक स्वीकृत कार्यक्रम तथा खर्च विवरण पूँजिगत तथा चालु

| क्र. सं. | ब.उ.शि.नं. | कार्यक्रम/ आयोजना | विनियोजन रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|
| १ | ३२९०२०११३ | साधारण | १४०,२२२,०००।०० | १०३,७१३,५७८।४२ |
| ५ | ३२९०२०११४ | साधारण | १,५००,०००।०० | १,२२०,००३।०० |
| २ | ३२९०२१०१३ | जडीबूटी विकास कार्यक्रम | ३९,२३७,०००।०० | २२,९७९,०५१।०० |
| ६ | ३२९०२१०१४ | जडीबूटी विकास कार्यक्रम | ५२,७००,०००।०० | ३६,६५१,९७३।०० |
| ३ | ३२९०२१०२३ | वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम | ११,०३२,०००।०० | १०,१७२,३३८।०० |
| ७ | ३२९०२१०२४ | वनस्पति संरक्षण तथा उद्यान विकास कार्यक्रम | २६,०००,०००।०० | २१,५४९,५२५।०० |
| ४ | ३२९०२१०३३ | वनस्पति अध्ययन अनूसन्धान तथा बजारीकरण | १२,६३८,०००।०० | ५,८९३,९५२।५० |
| ८ | ३२९०२१०३४ | वनस्पति अध्ययन अनूसन्धान तथा बजारीकरण | ५,५००,०००।०० | ७०६,४१३।०० |
| | जम्मा | | २८८,८२९,०००।०० | २०२,८८६,८३३।९२ |

## १२. विभागको Website

**www.dpr.gov.np**
ईमेल: **info@dpr.gov.np**

### १३. विभागले प्राप्त गरेको वैदेशिक सहायता ऋण, अनुदान, एवं प्राविधिक सहयोग, सम्झौता

कुनै पनि सम्झौता/अनुदान प्राप्त नभएको ।

### १४. विभागले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति विवरण

### १. वनस्पति अनुसन्धान, संरक्षण तथा उद्यान विकास कार्यक्रम

#### १.१ फेनेरोग्याम्स अनुसन्धान

३९६ वटा हर्वेरियम नमुनाहरुको Press तथा Dry गर्ने कार्य गरिएको ।७७० वटा नमुनाहरुको Labelling तथा Mounting गरिएको । १ वटा वनस्पति प्रजातिको म्युजियम नमुनाहरु संङ्कलन गरिएको। म्युजियममा रहेका नमुनाहरुको नियमित स्याहार संभार गरिएको ।

#### १.२ क्रिप्टोग्याम्स (ब्रायोफाइटस र टेरिडोफाइड) अनुसन्धान

*Sphagnum nepalense* H.Suzuki, (endemic) Moss सहित १ ७ ब्रायोफाइट्सका नमुनाहरू संकलन गरिएको । उ न्यूँका ३८ नमुनाहरू संकलन गरिएको ।

#### १.३ क्रिप्टोग्याम्स (एल्गी फन्जाई र लाइकेन) अनुसन्धान

*Stigeoclonium* sp., *Klebsormidium flaccidum, Prasiola formosana* र *Pseudosphaerocystis* sp.को परमानेन्ट स्लाइड तयार गरिएको तथा *Stigeoclonium* sp. र *Pseudosphaerocystis* sp. को हर्वेरियम नमुना तयार गरिएको। गोदावरी क्षेत्रवाट संकलन गरिएका १९ वटा एल्गीका नमुनाहरु पहिचान गरिएको। दोलखाको चरिकोटबाट च्याउका ७ वटा नमुनाहरु र रुपन्देहीको वोलबम सामुदायिक वनबाट च्याउका १० वटा नमुनाहरु संकलन गरिएको ।माइकोलोजी शाखामा रहेका २७० वटा च्याउका नमुनाहरुलाई alcohol treatment गरी preservative को रुपमा Naphthalene ball राखिएको । माइकोलोजी शाखामा रहेका १६५० वटा च्याउका नमुनाहरुको डिजिटाईजेशन कार्य सम्पन्न गरिएको ।

#### १.४ हर्वेरियम नमुनाको पहिचान, संरक्षण Housing तथा व्यवस्थापन

यस कार्यक्रम अनुसार राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा २६९७ हर्वेरियम नमुनाहरुको हाउजिङ कार्य गरिएको छ । १८ परिवार अन्तर्गतका सम्पूर्ण Genera को हर्वेरियम नमुनाहरु Re-arrangement कार्य सम्पन्न गरिएको ।६२१ वटा नमुनाहरुको Alcohol Treatment गरिएको ।११०५ नमुनाहरुको Repair तथा मर्मत गर्ने कार्य गरिएको ।

#### १.५ राष्ट्रिय हर्वेरियममा संरक्षित वनस्पति नमुनाहरुको Digitization कार्य

यस कार्यक्रम अनुसार राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा ७५०० हर्वेरियम नमुनाहरुको Digitization कार्य गरिएको छ ।

#### १.६ नेपालबाट रिर्पोट भएका राष्ट्रिय हर्वेरियममा संरक्षण नभएका वनस्पतिहरुको संकलन कार्य

यस कार्यक्रम अन्तर्गत राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशालामा तपशिलका ८ वटा taxa पहिलोपल्ट KATH हर्वेरियममा समावेश (New to KATH) गरिएको छ ।

1. *Hoya polyneura* Hook.f.
2. *Itea nutans* Royle
3. *Calamus jenkinsianus* Griff.
4. *Sphoenplectiella lateriflora* (J.F. Gmel.) Lye
5. *Cyperus malaccensis* Lam.
6. *Fimbristylis dichotoma subsp. podocarpa* (L.) Vahl
7. *Eleocharis retroflexa subsp. chaetaria* (Poir.) Urb.
8. *Sphagnum nepalense* H.Suzuki

#### १.७ फर्मुलेशन तयारी फर्मुलेटेड प्रोडक्ट उत्पादन

जेल स्यानिटाइजर फर्मुलेशनको लागि ट्रायल स्याम्पलको फर्मुलेशनको कार्य सम्पन्न भई स्याम्पल वितरण गरी सर्वेक्षणको कार्य हुँदै गरेको ।

#### १.८ वनस्पतिको फाईटोकेमिकल फर्माकोलोजिकल १० वटा सुगन्धित तेलको विस्तृत फाइटोकेमिकल र वायोकेमिकल अध्ययन भई डाटावेश तयार हुने

नेपालका विभिन्नन क्षेत्रहरुबाट संकलित ७ प्रजातिका नमूनाहरुमा फाइटोकेमिकल, फरमाकोलोजिकल अध्ययन भएको र २ प्रजातिमा सुगन्धित तेल प्रतिशत निर्धारण सम्पन्न७भएको ।

**१.९ मौसमी शोभनिय फुल बिरुवा उत्पादन**

१,०२,४६६ मौसमी शोभनिय फुल बिरुवा उत्पादन भएको।

**१.१० स्वदेशी शोभनिय फुल बिरुवा अध्ययन अनुसन्धान**

राष्ट्रिय वनस्पति उद्यानमा वन काइयो (*Luculia gratissima*) को काण्डबाट प्रसारण सम्बन्धी अध्ययनका लागि नियमित तथ्यांक संकलन भैरहेको । वनस्पति अनुसन्धान केन्द्र, इलाममा *Cardiocrinum giganteum* को अध्ययनका लागि गाना र विउ अनुसन्धान प्लटबाट तथ्याकं संकलन गरिएको । वनस्पति अनुसन्धान केन्द्र, धनुषामा ध्यारोका १६ वटा प्लटमा गरी कुल ३२० वटा नयाँ कटिङ्ग राखिएको । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरको अघोर तथा टिष्टुङ्ग र दामन गरी ३ स्थानको *Roscoea purpurea* को जर्मप्लाजम संकलन गरी संरक्षण गरिएको । वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा *Eranthemum pulchellum* को अध्ययन भइरहेको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा *Impatiens* sp को विउ सुकाउने कार्य भएको र सिडबक्स ६ थान निर्माण गरीएको । वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा *Hypericum uralum* को कटिङ राखिएको । वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा प्याउली प्रजातिमा प्रारम्भिक अनुसन्धान तथा तथ्याङ्क संकलन भइरहेको ।

**१.११ बहुवर्षिय शोभनिय फूल बिरुवा उत्पादन**

३३,५६० बहुवर्षिय शोभनिय फूल बिरुवा उत्पादन भएको ।

**१.१२ उद्यान निर्माण**

भीमदत्त न.पा., कञ्चनपुर, रासी न.पा.१, चितवन, भेरी न.पा. २, जाजरकोट र शैलुङ गा.पा. दोलखामा उद्यान निर्माणको लागि ल.इ. स्वीकृत भइ सम्झौता कार्य भइरहेको ।

**१.१३ भेराईटी विकास कार्यक्रम कार्यान्वयन**

वनस्पति अनुसन्धान केन्द्र, इलाममा पाँचथर , धनकुटा, तेर्हथुम, इलाम र जुम्ला जिल्लाको चिराइतोको विउ संकलन भइ पाँचथर र धनकुटाको बीउ नर्सरीमा राखिएको । वनस्पति अनुसन्धान केन्द्र, धनुषामा अध्ययन प्लट तयार गरी ३ स्थानको मेन्थाका जर्मप्लाज्म संकलन गरी रोपण गरिएको । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा चिराईतोको दोलखा, जिरि तथा काठमाण्डौं क्षेत्रबाट थप ३ वटा जर्मप्लाजम संकलन तथा मेन्थाको दोस्रो वर्षको अध्ययनमा ९ स्थानको जर्मप्लाजम संकलन गरी अनुसन्धान कार्य भईरहेको। वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा बाँके, बर्दिया, बारा, धनुषा, सुनसरी, कैलाली र कंचनपुरबाट संकलित क्यामोमाइलको बीउ अनुसन्धान प्लटमा रोपण गरिएको । ९ वटा जर्मप्लाज्मको फूलको तेल प्रतिशत निकालिएको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा चिराईतो जर्मपलाज्म संरक्षण गरिएका पलटहरुको नियमित स्याहार सम्भार, गुरासेमा सम्भाब्यता अध्ययन गरिएको। वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा क्यामोमाइलको दशवटा स्थानको बीउ स्रोतहरु संकलन तथा रोपण गरी नियमित रुपमा अध्ययन एवं तथ्याङ्क संकलन भएको । Shorting गरी बीउ निकालिएको । परीक्षणका लागि १० वटा सुगन्धित तेलको नमुना निकालिएको ।

**१.१४ Thematic Garden सौन्दर्यीकरण**

माइपोखरी वनस्पति उद्यान, इलाममा रहेका विभिन्न थिमेटिक कम्पोनेन्टहरुको नियमित स्याहार सम्भार, मर्मत तथा रंग रोगन तथा गुलाफ बाटिका निर्माण गरिएको । धनुषाधाम वनस्पति उद्यान, धनुषामा धार्मिक वाटिका, गुलाब वाटिका, जलीय उद्यान र धनुष वाटिका लगायतका थिमेटिक वाटिकामा नियमित सरसफाई तथा हेज कटिङ्ग भएको । वृन्दावन वनस्पति उद्यान, मकवानपुरमा स्थित रोज गार्डेन, वगनवेली गार्डेन र रक गार्डेन आदीको नियमित स्याहार सम्भार गरिएको । ढकेरी वनस्पति उद्यान, बाँकेमा उद्यानमा सरसफाइ तथा स्याहार सम्भार भएको । मूलपानी वनस्पति उद्यान, सल्यानमा अर्किड हाउस, फर्न हाउस, शैक्षिक वाटिका, फिजिक गार्डेन, रक गार्डेन, ईथ्नोबाटिका नियमित गोडमेल सरसफाई गरिएको । देवरिया वनस्पति उद्यान कैलालीमा नियमित रुपमा रेखदेख तथा सरसफाई भएको ।

**२. जडीबुटी विकास कार्यक्रम**

**२.१ गुणस्तर विकासका लागि खेती प्रविधि अनुसन्धान गरी सोसम्बन्धी प्राविधिक पुस्तिका तयार गर्ने**

वनस्पति अनुसन्धान केन्द्र, इलाममा मजिठोको विउ तथा जरा कटिङ्ग बाट अनुसन्धान प्लटमा राखिएको। वनस्पति अनुसन्धान केन्द्र, धनुषामा पोलीब्यागमा उम्रेका नीमका बेर्नालाई फिल्डमा सार्ने काम भएको । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा पर्वतिय वनस्पति उद्यान दामनमा धसिङ्रेको चार विभिन्न स्थानहरु क्रमश अघोर, दामन, टिष्टुङ्ग र सिमभन्ज्याङ्गबाट जर्मप्लाजमहरु कटिङ्ग र बिरुवाको रुपमा संकलन गरी propagation को लागी अध्ययन भइरहेको। वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा सेतो मुशलीको अध्ययन भइरहेको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा मालागिरीको अंकुरण दरको तथ्याङ्क लिईएको ।

**२.२ जडीबुटीका गुणस्तरीय बिरुवा उत्पादन**

२९,६००जडीबुटीका गुणस्तरीय बिरुवा उत्पादन भएको ।

**२.३ ट्रेड सपोर्ट (विश्लेतषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस)**

५१५ वटा नमुनाहरुको विश्लेषण, प्रमाणीकरण, गुण नियन्त्रण तथा सिफारिस कार्य गरेको ।

**२.४ संकटापूर्ण अवस्थामा पुगेको जडीबुटी प्रजातीको स्व-स्थानीय संरक्षण**

वनस्पति अनुसन्धान केन्द्र, इलाममा चाँप बिउ संकलन गरी नर्सरी तयार गरिएको । वनस्पति अनुसन्धान केन्द्र, धनुषामा हर्रो प्रजाति छनौट गर्न कार्यालयमा आवश्यक छलफल गरिएको । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर पर्वतिय वनस्पति उद्यान दामनमा *Dendrobium longicornu* को नर्सरीको नियमित स्याहारसम्भार गरिएको साथै उक्त क्षेत्रमा पाईने अर्किडका विभिन्न प्रजातिहरुको संकलन गरी संरक्षण गरिएको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा सुनाखरी शारदा न.पा ६ , काउछेमा काकरसिंगी को पोपुलेसन अध्ययन सम्पन्न भएको ।

**२.५ संकटापूर्ण अवस्थामा पुगेको जडीबुटी थप प्रजातिहरुको परस्थानिय संरक्षण कार्य**

वनस्पति अनुसन्धान केन्द्र, इलाममा पदमचाल, अतिसको बीउ , सेताकचिनी र रुख उन्यु प्रजातीका विरुवाहरु संकलन गरी रोपण गरिएको ।वनस्पति अनुसन्धान केन्द्र, धनुषामा इलाम जिल्लाबाट अर्किडका १२ थान, चाँपका ७ थान र लौठसल्लाका ५ थान बिरूवा संकलन गरी उद्यानमा संरक्षण गरिएको।वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर उद्यानमा भएको संकटापूर्ण प्रजातिहरु जगर, कलवल, रुख उन्यू, अर्किडका विभिन्न प्रजातिहरुको नियमित स्याहार सम्भार गरिएको । वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा मौजुदा प्रजाती संरक्षण भइरहेको र ५ वटा विजयसाल थप गरिएको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा नेपागञ्जबाट अनन्तमुल, सिमलतरुल, धतुरो, दमबुटी र सितलचिनी संरक्षित संकटापूर्ण प्रजातिहरु संकलन गरिएको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा संरक्षित संकटापूर्ण प्रजातिहरुको नियमित स्याहार सम्भार भएको । वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा सल्यानबाट काउलो, टिमुर, क्याक्टस लप्सी संकलन गरिएको । वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा डोटी गड्सेराबाट सुनाखरि संकलन भएको ।

**२.६ जडीबुटीमा आधारित व्यापारिक महत्वका वस्तु उत्पादन(Bioprospecting)**

विज्ञ सहितको consortium गठन तथा Proposal तयार भइ विज्ञहरुद्वारा Bio prospecting र formulation को लागि आवश्यक परीक्षण कार्य भइरहेको ।

**२.७ पकेट क्षेत्र प्रवर्द्धन कार्यक्रम**

१८ वटा समुह/सहकारीहरुको फिल्ड भेरिफिकेशन कार्य सम्पन्न भई बाँकी ६ वटा समुह/सहकारीको फिल्ड भेरिफिकेशन कार्य भइरहेको ।

**२.८ जडीबुटी पकेट क्षेत्र कार्यक्रम निरन्तरता, कर्णाली प्रदेश**

पकेट क्षेत्रहरुबाट ७ वटा प्रस्ताव आएकोमा फिल्ड भेरिफिकेशन कार्य सम्पन्न भई ५ वटा समूह छनौट भएको ।

**२.९ जर्मप्लाजम संरक्षण**

वनस्पति अनुसन्धान केन्द्र, इलाममा जर्मप्लाजम संरक्षण अन्तर्गत १० वटा प्लट तयार गरी थप ६ प्रजातिका ऐंसलु , बासुकी, कुरकुरे, घोडताप्रे, पिनासे लहरा र नीम प्रजातिका बिरुवा संकलन गरी प्लटमा राखिएको । वनस्पति अनुसन्धान केन्द्र, धनुषामा जर्मप्लाज्म संरक्षण प्लटमा नियमित गोडमेल तथा सरसफाई कार्य भएको । वनस्पति अनुसन्धान केन्द्र, मकवानपुरमा ३ वटै उद्यानहरुमा जम्मा ७३ प्रजातिको वनस्पतिहरुको जर्मप्लाजम संरक्षण गरी नियमित स्याहार सम्भार भएको । वनस्पति अनुसन्धान केन्द्र, बाँकेमा मौजुदा जर्मप्लाज्म संरक्षण भइरहेको जर्मप्लाज्म प्लटहरुमा कम्पोष्ट मल हाली सरसफाइ गरिएको । वनस्पति अनुसन्धान केन्द्र, सल्यानमा ४० प्रजातीका बिउ/बिरुवा संकलन गरी संरक्षण गरिएको । वनस्पति अनुसन्धान केन्द्र, जुम्लामा बैंसका (*Salix babylonica*) २२ वटा पोथ्रा रोपण गरी संरक्षण गरिएको । वनस्पति अनुसन्धान केन्द्र, कैलालीमा दिपायलबाट किम्बु संकलन तथा चुरेबाट लाम्पाते, रुख टमाटरको जर्मप्लाज्म संकलन गरि रोपण गरिएको ।

**१५. विभागमा परेको सूचना माग सम्बन्धि निवेदन र सो उपर दिएको विवरण**

| निवेदन दिने संस्था/व्यक्ति | मागका सूचनाको विवरण | कारवाहीको विवरण |
|---|---|---|
| - | - | - |

**१६. सूचना प्रकाशन**

- वनस्पति विभागबाट सञ्चालित अनुसन्धान कार्यका नतिजाहरुको प्रकाशन **Journal of Plant Resources** प्रकाशित गर्ने गरिएको र उक्त प्रकाशनलाई विभागको Website मा समेत राखे गरिएको छ ।
- वनस्पति विभागबाट सञ्चालित कार्यक्रम तथा गतिविधिहरुका जानकारी "वनस्पति स्रोत" त्रैमासिक समाचार पत्र मार्फत प्रदान गर्ने गरिएको र उक्त प्रकाशनलाइ विभागको Website मा समेत राखें गरिएको छ ।
- अन्य प्रचार प्रसार मूलक सामग्रीह रु leaflet, booklet, posters लगायतका प्रकाशित सामग्री वितरण गरिएको साथै विभागको Website मा समेत राखेत गरिएको छ ।

## १७. संगठन संरचना

- वन तथा वातावरण मन्त्रालय
  - वनस्पति विभाग<br>महानिर्देशक
    - अनुसन्धान तथा योजना महाशाखा<br>उप-महानिर्देशक
      - जडीवुटी प्रवर्द्धन तथा विकास शाखा
      - बायोटेक्नोलोजी शाखा
      - योजना तथा अनुगमन शाखा
      - जैविक विविधता तथा साइटिस शाखा
      - शहरी उद्यान विकास शाखा
    - **केन्द्रिय कार्यालयहरु**
      - प्राकृतिक सम्पदा अनुसन्धानशाला
      - राष्ट्रिय हर्वेरियम तथा वनस्पति प्रयोगशाला
      - राष्ट्रिय वनस्पति उद्यान
    - **वनस्पति अनुसन्धान केन्द्र, कार्यालयहरु**
      - वनस्पति अनुसन्धान केन्द्र, मकवानपुर
      - वनस्पति अनुसन्धान केन्द्र, ईलाम
      - वनस्पति अनुसन्धान केन्द्र, धनुषा
      - वनस्पति अनुसन्धान केन्द्र, बाकें
      - वनस्पति अनुसन्धान केन्द्र, सल्यान
      - वनस्पति अनुसन्धान केन्द्र,कैलाली
      - वनस्पति अनुसन्धान केन्द्र, जुम्ला
    - प्रशासन
      - प्रशासन शाखा
      - आर्थिक प्रशासन शाखा
      - जिन्सी व्यवस्थापन शाखा
    - व्यवस्थापन तथा विकास महाशाखा<br>उप-महानिर्देशक
      - इन्स्टुमेन्ट शाखा
      - गुणस्तर निर्धारण शाखा
      - बायोलोजिकल शाखा
      - प्रचार प्रसार तथा डकुमेन्टेशन शाखा
      - जडीवुटी सदुपयोग तथा पाइलट शाखा